आज मिति २०८२/०४/१२ गते सोमबारको दिन यस शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को पहिलो कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक कक्षमा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो।

उपस्थितः-

| | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद बस्याल | अध्यक्ष | |
| २ | श्री शान्ता देवी ज्ञवाली | उपाध्यक्ष | |
| ३ | श्री उदयराज गडेरिया पाल | वडाध्यक्ष | — |
| ४ | श्री कमल खड्का क्षेत्री | वडाध्यक्ष | |
| ५ | श्री हेम बहादुर खड्का | वडाध्यक्ष | |
| ६ | श्री केशव प्रसाद अधिकारी | वडाध्यक्ष | |
| ७ | श्री चन्द्रभान चौधरी थारु | वडाध्यक्ष | |
| ८ | श्री उपेन्द्र साहनी | वडाध्यक्ष | |
| ९ | श्री भिम नारायण चौधरी | का.वा. वडाध्यक्ष | — |
| १० | श्री शान्ति सुनार | कार्यपालिका सदस्य | — |
| ११ | श्री पवित्रा थारु | कार्यपालिका सदस्य | पवित्रा |
| १२ | श्री गिता नेपाली | कार्यपालिका सदस्य | गीता |
| १३ | श्री रुक्मिणी थारु | कार्यपालिका सदस्य | |
| १४ | श्री राममिलन लोध | कार्यपालिका सदस्य | राममिलन |
| १५ | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री लेख बहादुर बस्नेत | सदस्य - सचिव | |
| | आमन्त्रित | | |
| १ | तुलसा अर्याल | सहायक प्र. अधिकृत | |
| २ | श्री ईश्वरी न्यौपाने | सूचना प्र. अधिकृत | |
| ३ | श्री कोमल प्र. अधिकारी | कार्यालय सहयोगी | |
| ४ | | | |

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०४।१२ गतेको बैठकका निर्णयहरुः

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०४।१२ गतेको बैठकका निर्णयहरुः

१. आर्थिक वर्ष २०८१/८२ मा कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको समिक्षा गरी आगामी दिनहरुमा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो स्थानवाट भूमिका खेल्ने निर्णय गरियो ।

२. लुम्बिनी नलकूप जल उपभोक्ता संघ क्षेत्रिय समिति, मानपकडी रुपन्देहीको कृषिमा सिँचाई अनुदानको व्यवस्थां गरिपाउँ भन्ने मागको सम्बन्धमा छलफल गरी स्यालो टयुववेल जडान गर्दा ७५ प्रतिशत अनुदान उपलब्ध गरांउने गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो। भै.लु.भू.ज. सिचाई व्यवस्थापन नभएका स्थानहरुमा स्यालो ट्युववेल जडानमा प्राथमिकता दिने निर्णय गरियो । डिप ट्युववेल सिचाई सञ्चालन भएका बोरिङहरुलाई अत्यधिक खडेरीको कारण सुख्खा परेकोले मिति २०८२ श्रावण र भाद्र महिनाको विद्युत महशुलमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

३. रमवापुर गाउँ टोल विकास संस्थाको रासायनिक मलको वितरण सम्बन्धमा छलफल गरी रासायनिक मलको वितरण गरेका सहकारीहरुको अनुगमन गरी सत्यतथ्य पत्ता लगाइ थप छलफल गर्ने निर्णय गरियो ।

४. आर्थिक वर्ष २०८२/८३ को योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना संलग्न अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

५. आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगित समिक्षा मिति २०८२।०४।२५ गते गर्ने निर्णय गरियो ।

६. गाउँपालिका भित्र संकलन हुने फोहोर मैलाको व्यवस्थापन गर्न सबै वडाहरुले आ-आफ्नो वडाको उपयुक्त स्थानको खोजि गरी ३ महिनाको लागि फोहोर व्यवस्थापन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

७. रुपन्देही जिल्लाको दररेट निर्धारण समितिले स्वीकृत गरेको दररेटलाई अनुमोदन गरी आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन गर्ने निर्णय गरियो ।

८. यस गाउँपालिकाले रक्त संचार केन्द्रसँग भएको निःशुल्क रगत संझौता अनुसार बढिमा ४ पोका मात्र निःशुल्क रगतको लागि गाउँपालिका मार्फत भुक्तानी गर्ने निर्णय गरियो ।

९. आँखा अस्पतालसँग निःशुल्क मोतिविन्दुको शल्यक्रिया संझौता अपाङ्ग अशक्त तथा अति गरिवहरुको लागि मात्र उपलब्ध गराउने निर्णय गरियो ।

१०. नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ बमोजिम कोषबाट सञ्चालन हुने कार्यक्रम कार्यान्वयको लागि सूचना प्रविधि अधिकृत श्री ईश्वरी न्यौपानेलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।



CamScanner

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०४।१२ गतेको बैठकका निर्णयहरुः

११. नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ बमोजिम कार्यक्रमको तर्जुमा र कार्यान्वयनको सहजीकरणको निमित्त तपसिल अनुसार नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

क) गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्याल - संयोजक

ख) वडा अध्यक्ष वडा नं. ३ श्री हेम बहादुर खडका- सदस्य

ग) वडा अध्यक्ष वडा नं. ५ श्री चन्द्रभान चौधरी- सदस्य

घ) वडा अध्यक्ष वडा नं. ६ श्री उपेन्द्र सहानी- सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख श्री समिर भण्डारी- सदस्य- सचिव

१२. शुद्धोदन गाउँपालिकाको मूल्याङ्कन समितिको सिफारिसको आधारमा ठेक्का नं. आय/०४/०८२/८३ मानपकडी हाटबजारको आन्तरिक आयस्रोत (बैठकी कर) उठाउने प्रस्ताव अन्तर्गत नागेद्र प्रसाद गुप्ता तिलोत्तमा-११ रुपन्देहीले पेश गरेको रु. १,२८,१००।- बराबरको दरभाउ पत्र स्वीकृत गरी सम्झौता गर्ने निर्णय गरियो ।

१३. शुद्धोदन गाउँपालिकाको मूल्याङ्कन समितिको सिफारिसको आधारमा ठेक्का नं. आय/०१/०८२/८३ फर्साटिकर हाटबजारको आन्तरिक आयस्रोत (बैठकी कर) उठाउने प्रस्ताव अन्तर्गत यार महम्मद शेष गैडहवा-२ रुपन्देहीले पेश गरेको रु. १२,५६,५५५।- बराबरको दरभाउ पत्र स्वीकृत गरी सम्झौता गर्ने निर्णय गरियो ।

१४. शुद्धोदन गाउँपालिका वडा नं. ५ बस्ने मुरली चाईको छोरा रुमाली चाईको पती पुजारी चाईको २०८२/०३/२० गतेका दिन सार्वजनिक मर्मत हुने पोखरीमा चिप्लिएर निधन भएकोले निजलाई क्रिया खर्च वापत रु. ३५ हजार रकम सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१५. जयन्ती प्रसाद मिश्रको पक्षमा भएको चलनचलाउने सम्बन्धी श्री रुपन्देही जिल्ला अदालतको पत्रका विषयमा छलफल गरी उक्त पत्रमा उल्लेख भएका सबै निकायहरुसँग समन्वय गरी निजलाई चलन चलाउने कार्यमा आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

१६. यस गाउँपालिकाको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यम विकास शाखाद्वारा आयोजित सिलाई कटाई तालिममा बनेका कपडाहरुलाई गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुसँग समन्वय गरी गरिव र विपन्न परिवारका विद्यार्थी तथा अविभावकहरुलाई वितरण गर्ने निर्णय गरियो ।

१७. एस.के. स्टाइन्स क्रियसनको आयोजनामा सञ्चालन हुने शुद्धोदन सिङगिङ्ग एण्ड डान्सिङ्ग आइडल सिजन-२ विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप र परिक्षा सञ्चालनमा प्रत्यक्ष असर नपर्ने गरी सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।



CamScanner

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०४।१२ गतेको बैठकका निर्णयहरुः

१८. गाउँपालिका भित्र रहेका दुग्धजन्य पदार्थ वितरण गर्ने डेरीहरुको अनुगमन गरी दुधको गुणस्तर कमजोर बनाइ बिक्रि वितरण गर्ने डेरीहरुलाई आवश्यक कारवाही गर्ने निर्णय गरियो ।

१९. शुद्धोदन गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७६ (पहिलो संशोधन, २०८२) खारेज गरी शुद्धोद गाउपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

२०. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन), २०७७ को दफा (ङ) बमोजिम तपसिल अनुसार स्थानीय तहको अनुमगन समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

क) जनस्वास्थ्य निरिक्षक श्री मदन पोखरेल, खडवा बनगाइ स्वास्थ्य चौकी वडा नं. २ - संयोजक
ख) विषय विज्ञ श्री राजन जि.सी., ल्याव टेक्निसियन, मोतिपुर प्राथमिक स्वास्थ्य सेवा केन्द्र - सदस्य
ग) स्वास्थ्य संस्था प्रमुखहरु मध्यबाट डा.पाताल गिरी, प्रमुख, मोतिपुर प्राथमिक स्वास्थ्य सेवा कन्द्र, - सदस्य
घ) नर्सिङ्ग कर्मचारी मध्यबाट श्री विमला पोखरेल, कम्युनिटी नर्सिङ्ग, मोतिपुर प्राथमिक स्वास्थ्य सेवा केन्द्र, - सदस्य
ङ) स्वास्थ्य शाखा प्रमुख श्री समिर भण्डारी, शुद्धोदन गाउँपालिका, - सदस्य सचिव



